

# चन्द्रकला किरण : प्रथम महिला सचिव



● अमिका राजथला

वि.सं. १९८६ साल असोज २४ गते कालिङपोङमा आमा पवित्रादेवी र बुबा कर्ण बहादुर महतको कोखबाट छैठौं सन्तानको रूपमा जन्मिनु भएको हो चन्द्रकला। जन्मे/हुर्केको नेपालमा होइन तर नेपालको लागि उहाँले इतिहासको पानामा नाम लेखाउन सफल हुनुभयो। निजामती कर्मचारी प्रशासनको माथिल्लो नेतृत्व सचिव पदमा पुगेर उहाँ आम महिलाको लागि प्रेरणाको स्रोत हुनुहुन्छ। जुन इतिहासलाई पछयाउँदै वर्तमानका छोरीहरूलाई प्रेरित गरिरहेको छ। यो ठाउँमा महिला पुग्न सक्छन् भनेर बाटो देखाइ दिनुभएको उहाँले नै हो। घरपरिवार, समाज र राज्यले अवसर दियो भने महिलाले जे पनि गर्न सक्छन् र सक्षम छन् भन्ने थोरै उदाहरणीय व्यक्तित्व मध्येमा पर्नुहुन्छ उहाँ।

## बाल्यकाल/शिक्षा

उहाँहरू दार्जिलिङबासी भए पनि जेठो दाजु पछाडिका ४ सन्तान सबैको मृत्यु भएपछि दार्जिलिङबाट उहाँको परिवार कालिङपोङ सरेको उहाँ बताउनुहुन्छ, त्यसैले उहाँको जन्म कालिङपोङमा भयो। करिब साढे ३ वर्षदेखि मण्टेश्वरी (स्कूल) जानुभयो उहाँ। परिवार शिक्षित भएकाले उहाँलाई सजिलै शिक्षा प्राप्त गर्ने अवसर मिल्यो। कालिङकोङकै गर्ल्स हाइस्कूलबाट वि.सं. २००२ साल (सन् १९४५) मा मेट्रिक पास गर्नुभयो र कलेज पनि कालिङपोङमै अध्ययन गर्नुभयो। त्यसपछि उहाँ मन्टेश्वरी टिचर्स ट्रेनिङ्ग लिन मद्रास जाने मौका पाउनु भयो। त्यतिबेला नेपालबाट जाने कोही नभएका कारण उहाँका बुबालाई नेपालको तर्फबाट भन्दै छोरीलाई पठाइदिन खबर पुगेपछि उहाँले पठाउनु भयो। मण्टेश्वरी शिक्षण प्रणालीमा तालिम लिएर कालिङपोङ फर्किनुभयो। त्यसको केही समयमै उहाँलाई समेत लिएर उहाँको बुबा नेपाल आउनुभयो।

## जागिरे जीवन : दरबारका बच्चा पढाउनेदेखि दाम राखेर जागिर

नेपाल आएपछि जागिरे जीवन शुरु भयो चन्द्रकलाको। सबैभन्दा पहिला आफूले लिएको मण्टेश्वरी तालिमकै उपयोग गर्दै मण्टेश्वरी स्कूलमा पढाउन थाल्नुभयो। त्यतिबेला दरबारका बच्चाहरूलाई पढन आउँथे। हालको विश्व ज्योति सिनेमा हल अगाडि रानी पोखरी छेउमा रहेको न्यायालय अन्तर्गतको एउटा भवनमा मन्टेश्वरी स्कुल संचालित थियो १९ वर्षकी किशोरी मान्छेको

जिम्मेवारी भने सातवर्ष मुनिका स-साना बालबालिकालाई प्राथमिक स्कुल प्रवेशका लागि योग्य हुने क्रियाकलापहरू सिकाउनुहुन्थ्यो उहाँ ।

त्यसको केही समयपछि उहाँ अर्को जागिर खाने सोचमा पुग्नु भयो । अहिले जस्तो विज्ञापन खुलेर परीक्षा दिएर होइन बिल्कुलै फरक थियो जागिर पाउने चलन । उहाँले जागिर खाँदाको समयमा नियुक्ति पत्र दिने चलन थिएन । राणा प्रशासक समक्ष सम्मान र कृतज्ञतास्वरूप दाम राखी जागिरमा प्रवेश गर्ने चलन थियो । वि.सं. २००५ साल श्रावण १८ गतेका दिन सिंहदरबारको बैठक कक्षमा श्री ३ मोहन शम्शेर जबरालाई दाम राख्नुभयो र उहाँ निजामती सेवामा प्रवेश गर्नुभयो । वि.स.२००७ सालमा नेपालमा प्रजातन्त्र स्थापना भएपछि काठमाडौंमा धेरै शिक्षालयहरू खुले । दरबार स्कुलको भवनमा सञ्चालित नेपाल नेशनल कलेजमा रात्रि कक्षाको पढाइ प्रारम्भ भयो । कर्मचारीहरूका लागि आफ्नो शैक्षिक स्तर उकास्ने यो सुनौलो मौका थियो । उहाँले पनि यो मौका चुकाउनु भएन ।

जागिर शुरु गरे लगत्तै विवाह पनि गर्नुभयो । उहाँको विवाह जितेन्द्रध्वज किरणसँग वि.सं. २००८ सालमा भएको हो । आफ्नै सहपाठी जितेन्द्रध्वज विवाह गर्ने बेलामा भने प्रहरी सेवामा कार्यरत हुनुहुन्थ्यो । विवाहपछि एउटा सहयोगी हात र साथ त पाउनु भयो तर घर सम्हाल्ने जिम्मवारी पनि थपियो । यद्यपि आफ्नो काम र अध्ययनलाई साथै लग्नुभयो ।

मेहनत, लगनशीलता र दृढतासहित कार्यरत भएकै कारण हो भन्नुपर्छ, उहाँलाई अर्को अवसर पनि प्राप्त भयो । उच्च अध्ययन गर्नको लागि उहाँ अमेरिका जानका लागि छनौट हुनुभयो । स्नातक तह पुरा गरी जागिर शुरु गर्नुभएका उहाँले युनिभर्सिटी अफ अरिगन, युएसएबाट स्नातकोत्तर तह पुरा गर्नुभयो । यो उहाँको जीवनमा अघि बढ्ने अर्को खुडकिलो भयो ।

तत्कालीन श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट काजमा खटिइ वि.सं. २०१५ सालदेखि कलेज अफ एजुकेशनमा अध्यापन कार्यमा पनि संलग्न हुनुभयो । त्यहाँ आफ्नो अध्यापनबाट धेरै शिक्षक तयार गरेको सँझिदै त्यो क्षण रमाइलो मान्नु हुन्छ । कलेज अफ एजुकेशन त्रिभुवन विश्वविद्यालय अन्तर्गत सञ्चालन भएपछि प्राध्यापकहरूको गुणस्तर उकास्ने कार्यक्रम अन्तर्गत उहाँलाई फेरि

अमेरिकामा अध्ययन गर्न जाने मौका प्राप्त भयो । उहाँले त्यहाँ **सदर्न इलोनइ युनिभर्सिटी, कारबनडेल** अमेरिकाबाट शिक्षा प्रशासन र शैक्षिक सुपरिवेक्षण विषयमा एमएड. डिग्री हासिल गर्नुभयो । त्यहाँबाट फर्किएपछि इन्सटिच्युट अफ एजुकेसनको सहायक डीनमा कार्यरत हुने अवसर पनि उहाँलाई प्राप्त भयो । उहाँले वि.सं. २०३३ सालमा क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमाञ्चलमा निर्देशकको कार्यभार सम्हाल्नु भयो ।

अध्यापनको पृष्ठभूमिबाट प्रशासनिक क्षेत्रमा काम गर्दा उहाँलाई सिद्धान्त र अभ्यासको चेपुवामा परे जस्तो महसुस हुन्थ्यो । अध्यापन गर्दा आफूले अध्ययन गरी जानेको, बुझेको विषय विद्यार्थीलाई सिकाएर टाउको हलुङ्गो गरी घर फर्किइन्थ्यो भने प्रशासनमा भने दिनभर उल्झेका समस्याहरू बटुलेर टाउको गह्रुँगो बनाउँदै जानुपरेको सँझिनुहुन्छ ।

## सचिवमा बढुवा भएको दिन

वि.स.२०३६ सालमा उहाँ प्रथम श्रेणीमा बढुवा हुनुभयो र वरिष्ठ विज्ञ पदमा पाठयक्रम, पाठयपुस्तक तथा निरीक्षण विकास केन्द्रमा सरुवा हुनुभयो । वि.सं.२०३८ फागुन १७ गतेका दिन तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले बोलाएर पर्यटन मन्त्रालयमा का.मु. सचिव पदमा सरुवा गरिएको जानकारी दिनुभयो । जुन दिनलाई उहाँ जीवनको सबैभन्दा महत्वपर्ण दिन मान्नुहुन्छ । नेपालका महिलाहरू त्यो दिनसम्म पुग्न नसकेको नीति निर्माण गर्ने तहको महत्वपूर्ण पदमा पुग्दा खुशीको सीमा नै नरहेको स्मरण गर्नुहुन्छ । यद्यपि केही डर पनि थियो, आफूले नगरेको विषयको काम गर्नुपर्ने भएकोले गर्न सकिन्छ कि सकिंदैन भन्ने डर पनि उत्तिकै थियो । पर्यटन मन्त्रालयपछि उहाँको सरुवा स्वास्थ्य मन्त्रालयमा भयो ।

जिम्मेवारी फरक फरक हुँदै जाँदा विज्ञता पनि बढाउँदै लग्नुपर्ने भयो, त्यसले उहाँलाई झन् सिर्जनात्मक बनायो । स्वास्थ्य मन्त्रालयमा पुगेपछि नेपाली सबैको घर दैलोमा स्वास्थ्य सेवा पुगोस् भन्ने उहाँको इच्छा थियो । त्यसैले आफू स्वास्थ्य सचिव भएको बेला देशका प्रत्येक इलाकामा स्वास्थ्य चौकीहरू स्थापना भयो, प्रत्येक जिल्लामा अस्पताल स्थापना गरियो । क्षेत्रीय स्तरमा क्षेत्रीय अस्पताल स्थापना भयो साथै यी क्षेत्रहरूमा एकएक वटा क्षेत्रीय

स्वास्थ्य निर्देशनालय पनि राखिए। काठमाडौंमा भएको वीर अस्पताललाई नयाँ रूप दिइयो। भारत सरकारको सहयोगमा नयाँ भवन निर्माण भयो। नयाँ औजार र वैज्ञानिक उपकरणहरू जडान गरिए। देश भरको सबै भन्दा ठूलो अस्पताल र वृहत सेवा पुऱ्याउने यस अस्पताललाई अग्र स्थान प्रदान गरियो। उपत्यकाभित्रका अस्पतालहरूमा भएको प्रसुति सेवालाई इन्द्र राज्यलक्ष्मी प्रसुती गृहमा गाभियो र यस प्रसुति गृहलाई आधुनिक रूप दिइयो। आफ्नो कार्यकालमा भएका स्वास्थ्य क्षेत्रका ती कामलाई ठूलो सफलता ठान्नुहुन्छ उहाँ। महिला भएका कारण कहिलेकाहीं केही अप्ठ्यारा अवस्था आए पनि त्यसले आफ्नो करिअरमा कुनै असर नगरेको उहाँको भनाइ छ।

पुरुषहरूको आधिपत्य रहेको प्रशासनमा एक जना मात्र महिला सचिव हुँदा सबैको ध्यानको केन्द्रबिन्दु हुनु स्वभाविक पनि लाग्थ्यो उहाँलाई। पुरुष सहकर्मीहरूबाट उहाँले सहयोग नपाएको होइन तर पनि निर्णायक तहमा बसेर काम गर्दा बेलाबखतमा आलोचना पनि आउँथे। ठूला र राम्रा निर्णयहरू गर्दा पुरुष सहकर्मीहरूमा हिनताबोध भएको अनुभव भएको लाग्छ उहाँलाई। तर उहाँकै अगाडि आएर कसैले नराम्रो कुरा केही बोल्न सक्दैनथे। त्यसैले जुनसुकै क्षेत्रमा लागे पनि आफू सशक्त, आत्मविश्वासी र क्षमतावान् हुनुपर्ने उहाँको सुझाव छ। त्यस्तो बनाउन महिलाहरूलाई ज्ञान र सीप दिनु अति आवश्यक छ भन्नुहुन्छ। महिलाहरूलाई उनीहरूको क्षमता प्रदर्शन गर्नलाई नयाँनयाँ मौका दिनुपर्छ। महिला अघि बढन घर परिवारको सहयोग पनि त्यति कै महत्वपूर्ण हुने उहाँको धारणा छ।

## सम्मान तथा पुरस्कार

काम तथा अध्ययनको सिलसिलामा थाइल्याण्ड, फिलिपिन्स, जापान, रोम, फ्रान्स, बेलायत, अमेरिका, स्वीटजरल्याण्ड आदि देशको भ्रमण गर्नुभएकी चन्द्रकला वि.सं. २०४६ आश्विन २४ गतेका दिन ४१ वर्ष सरकारी सेवा अवधि पूरा गरी अवकाश प्राप्त हुनुभयो। जागिरको क्रममा र त्यसपछि पाएका विभिन्न पदक, पदवी, सम्मान र पुरस्कारहरूले कोठाका भित्ता भरिएका छन्। उहाँले पाउनु भएको पुरस्कारमा गोर्खा दक्षिणबाहु तेश्रो, समाज सेवा पदक १९८८, सेवा पदकहरू साउथर्न इलिनोइस युनिवर्सिटी (Southern Illinois University) रेडियो एजुकेशन टीचर ट्रेनिङ्ग प्रोजेक्ट (Radio Education

Teacher Training Project -Nepal १९८५) मा प्रशंसापत्र, अखिल नेपाल महिला संघबाट पहिलो महिला सचिव बापत प्रशंसा पत्र २०५५, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट कदरपत्र सन् २००१, पूर्व निजामाती कर्मचारी सेवा संघबाट कदरपत्र, विश्व हिन्दु महासंघबाट प्रंशंसापत्र २०५९, अन्तराष्टि य महिला चेतना संघबाट २०५९ मा प्रशंसापत्र आदि रहेका छन् । छोरा र  छोरी दुवैलाई शिक्षा दिनुपर्छ भन्ने सोचाइ भएका आफ्ना आमाबाबुलाई प्रेरक व्यक्तित्वका रूपमा सँझिनुहुन्छ । छोरीलाई पनि पढाउनुपर्छ, ज्ञानसीप दिनुपर्छ, जागिर खानुपर्छ भनेर छोरीलाई भन्ने आमाबाबु पाउनु आफ्नो लागि सबैभन्दा ठूलो अवसर भएको उहाँको बुझाइ छ । बुबाको साथ सहयोग र आमालाई प्रेरणाले मान्छेलाई अघि बढन धेरै सजिलो हुने उहाँको निष्कर्ष छ । आमाबुबा र श्रीमानको मृत्युको क्षणलाई जीवनको सबैभन्दा दुःखद लाग्छन् उहाँलाई । यद्यपि दुई छोराहरूको अध्ययनको सफलताले ती दुःखद क्षणलाई केही हदसम्म बिर्साउन सकेको छ, उहाँलाई ।

हाल बत्तीस पुतली, काठमाडौंमा बस्दै आउनुभएकी ८९ वर्षिया चन्द्रकला किरण केही वर्ष अघिसम्म सामाजिक सेवा एवं आध्यात्मिक क्रियाकलापमा दिन बिताउनु हुन्थ्यो । देख्ने र सुन्ने क्षमतामा खासै कमी आएको छैन तर बढ्दो उमेरले शारीरिक क्रियाशिलतालाई निस्क्रिय बनाइदिएको छ । सम्झन सक्ने क्षमतामा पनि ह्रास आएको बताउने उहाँ विगतमा आफूले लेखेको भजन, कविता पनि बेलाबखत पढ्ने गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'पहिला जस्तो नियमित जीवन छैन, जीवन सजिलो भएको छ, पहिला किताबहरू लेखिरहन्थें, अब छाप्न मन पनि लाग्दैन, आफैंलाई बन्द गर्दै लग्नुपर्छ भन्ने लाग्छ ।' आफूले देशप्रति इमानदार भई काम गरेको बताउने उहाँ जीवनबाट सन्तुष्ट हुनुहुन्छ, जीवन सफल भएको मान्नुहुन्छ । ■

*नोट : (चन्द्रकला किरणसँग २०६९ र २०७५ सालमा गरिएको अन्तर्वार्ता तथा राजथला, अमिका, २०६९ प्रथम तथा अंग्रेजी नेपाली महिला, काठमाडौं, राष्ट्रिय महिला आयोगको आधारमा यो जीवनी तयार गरिएको हो ।)*